# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग IMF Staff Visit Mission का प्रतिनिधि मण्डलद्वारा शिष्टाचार भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल भ्रमणमा रहेको अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) का Mr. Gerard J. Almkinders को नेतृत्वमा आएको (Staff Visit Mission) प्रतिनिधि मण्डलले भाद्र २९ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गर्‍यो ।



भेटवार्ताको क्रममा गभर्नर डा. नेपाल र मिसन प्रमुख Gerard बीच देशको वर्तमान आर्थिक स्थितिको बारेमा छलफल भयो । सो अवसरमा Gerard ले नेपाल राष्ट्र बैंकले हालै जारी गरेको आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिको सराहना गर्दै Interest Rate Corridor मा गरिएको संकुचनलाई सकारात्मक रुपमा लिएको बताउनुभयो । उहाँले नेपाली बजारमा हाल माग र आपुर्ति बीचको भिन्नताले सिर्जित credit gap को अवस्थालाई जोड दिँदै वित्तीय क्षेत्र स्थायित्वमा नेपाल राष्ट्र बैंकले विशेष ध्यान दिनुपर्ने बताउनुभयो । अर्थतन्त्रमा आर्थिक मन्दीका पूर्व अनुभवहरुको उदाहरण दर्शाउँदै सन्तुलित विकास उन्मुख रणनीति अवलम्बन गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो । भेटवार्ताको क्रममा Gerard ले नेपालको घट्दो Balance of Payment (BOP) को बारेमा चासो राख्नु भएको थियो ।

त्यसैगरी उक्त भेटवार्ताको अवसरमा गभर्नर डा. नेपालले देशको वर्तमान आर्थिक स्थितिको बारेमा जानकारी गराउँदै बढ्दो व्यापार घाटा र अमेरिकी डलर विनिमय दरमा आएको वृद्धिदरले विदेशी मुद्राको संचितिमा ल्याएको संकुचन र यसले मुद्रास्फीतिमा पार्नसक्ने प्रभावका बारेमा चिन्ता व्यक्त गर्नुभयो । यद्यपी उहाँले पर्यटन क्षेत्रको वृद्धि, विप्रेषण तथा प्रत्यक्ष विदेशी लगानीमा आएका सुधारहरुले नेपालको अर्थतन्त्र सकारात्मक दिशातर्फ उन्मुख रहेको बताउनु भयो । सोही क्रममा गभर्नर डा. नेपालले अर्थतन्त्रका वर्तमान चुनौतीहरुका बारेमा उल्लेख गर्नुभयो ।

प्रतिनिधि मण्डलमा IMF का तर्फबाट Asia Pacific Department का Deputy Director Mr. Kenneth Kang, नेपालका लागि Senior Resident Representative, Mr. Andreas Bauer, Senior Economist, Ms. Sodsriwiboon Piyaporn र Economist Mr. Patrick Blagrave सहभागी हुनुहुन्थ्यो । यसैगरी, नेपाल राष्ट्र बैंकका तर्फबाट डेपुटी गभर्नर शिवराज श्रेष्ठ लगायत कार्यकारी निर्देशकहरुको समेत उपस्थिति रहेको थियो ।

२०७५ भाद्र २९ गते शुक्रबार

गभर्नरको कार्यालय